पोखरा रोयल सहकारी संस्था लि. को बुलेटिन

# सहकारी समाचार

❑ २०७४ ❑ वर्ष ११ ❑ अंक १

## सचिव गुरूङ्ग नेफसकून सञ्चालकमा निर्वाचित

**पौष २०७३**

पोखरा रोयल सहकारी संस्था लि.का सचिव भीमबहादुर गुरूङ्ग बचत तथा ऋण सहकारी संघ संस्थाहरूको छाता संगठन नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफसकून) को २५औं वार्षिक साधारण सभाबाट ३ वर्षे कार्यकालको लागि सञ्चालक पदमा अत्याधिक मतका साथ विजयी हुनु भएको छ । कास्की बचत तथा ऋण सहकारी संघ लि.को प्रतिनिधीको रूपमा संघको सञ्चालकको रूपमा निर्वाचित गुरूङ्गको सहकारी अभियानमा करिब २ दशकको अनुभव रहेको छ भने कास्की जिल्ला बचत संघको ३ कार्यकाल अध्यक्ष समेत भई सक्नुभएको छ ।



प्रदेश नं.४ को तर्फबाट संचालक सदस्यमा निर्वाचित गुरूङ्ग नेफसकून प्रदेश नं.४ को संयोजक समेत रहनु भएको छ। यसै बीच नवनिर्वाचित संचालक गुरूङ्गले आफ्नो कार्यकालमा प्रदेश नं ४ को बचत तथा ऋण सहकारीको गुणस्तरीयता कायम गर्न, एकरूपता कायम गर्न, व्यवसाय वृद्धि तथा समग्र सहकारी अभियानमा सबै नागरिकलाई गोलवन्द गर्न सक्रिय रूपमा लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## "सहकारी संग सहकार्य गर्न इच्छुक छु"

**- मेयर जि.सी.**

**२०७४ श्रावण**




पोखरा लेखनाथ महानगरपालिकाका नवनिर्वाचित मेयर मानबहादुर जि.सी.ले स्थानीय तहको विकासमा सहकारीको भूमिका महत्वपूर्ण हुने भएकोले महानगरपालिका सहकारीसंग मिलेर विकास निर्माणको काम गर्न इच्छुक रहेको बताउनुभयो । पोखरा रोयल सहकारी संस्था लि.ले आयोजना गरेको स्थानीय तह निर्वाचन २०७४ मा कास्की जिल्लाबाट निर्वाचित आफ्ना शेयर सदस्य र जनप्रतिनिधीहरूलाई एक कार्यक्रमका बीच बधाई तथा सम्मान कार्यक्रममा जि.सि.ले उक्त कुरा बताउनुभएको हो । संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङ्गको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा पोखरा लेखनाथ महानगरपालिकाको मेयर मानबहादुर जि.सी., मादी गाँउपालिकाको अध्यक्ष बेदबहादुर गुरूङ्ग, पोले मनपा वडा नं.१० का वडा अध्यक्ष राजकुमार गुरूङ्ग, वडा नं. ११ का वडाध्यक्ष मोहनप्रसाद बाँस्तोला, वडा नं. २९ का वडाध्यक्ष चेतबहादुर गुरूङ्ग, वडा नं.१० का वडा सदस्यहरू दिपकबहादुर थापा, सम्मरबहादुर श्रेष्ठ, निशा मल्ल ठकुरी र प्रतिभा वि.क.पोखरेल लाई सम्मान गरिएको थियो ।

कार्यक्रममा अर्का अतिथि मादी गाँउपालिकाका नव निवार्चित अध्यक्ष एवं संस्थाका शेयर सदस्य बेदबहादुर गुरूङ्गले सहकारीलाई मादी गाँउपालिकामा सेवाकेन्द्र स्थापना गरि कार्य प्रारम्भ गर्न सुझाब दिनुभयो । सम्मान कार्यक्रममा संस्थाका सचिव भीमबहादुर गुरूङ्गले संस्थाको बारेमा संक्षिप्त जानकारी, उपाध्यक्ष रूद्रकुमारी गुरूङ्गले स्वागत, लेखा समिति संयोजक हर्कबहादुर गुरूङ्गले बधाई तथा धन्यवाद ज्ञापन र मूख्य प्रवन्धक मीलन ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## सम्पत्ति शुद्धीकरण अभिमुखीकरण सम्पन्न

**२०७४ असार**

नेफस्कुन पोखरा फिल्ड कार्यलयको आयोजना र सहकारी विभागको सहयोगमा पोखरामा एक दिवसीय सम्पत्ति शुद्धीकरण तथा निवारण एवं सहकारी सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ । विभिन्न ५७ वटा प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था बाट ८३ जनाको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता नेफस्कुनका सञ्चालक एवं पोखरा फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक भिम बहादुर गुरूङले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालय कास्कीका प्राचार्य बद्रिनाथ अधिकारीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि अधिकारीले सम्पत्ति शुद्धीकरण र सहकारी सूचना प्रणाली सहकारीलाई अत्यन्त आवश्यक रहेको र यसको प्रयोगले सहकारीमा देखिएका समस्यालाई निराकरण गर्न सहज हुने बताउनुभयो ।

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारी, जिल्ला बचत संघका अध्यक्ष सुदिप ढकाल, नेफस्कुन पोखरा फिल्ड कार्यलय व्यवस्थापन उपसमितिका सदस्य नारायण प्रसाद आचार्य लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण नेफस्कुनका विभागीय प्रमुख सञ्जयराज तिमिल्सिना, सञ्चालन फिल्ड कार्यलय इन्चार्ज दिनेश भण्डारी र स्वागत नारायण प्रसाद आचार्यले गर्नु भएको थियो ।


## हार्दिक बधाई



**पोखरा रोयल सहकारी संस्था लि.का अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङ्ग राष्ट्रिय सहकारी बैक लि.पोखरा शाखा समन्वय उपसमितिको संयोजक हुनुभएकोमा हार्दिक बधाई सहित उहाँको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार
Pokhara Royal Co-Operative Society Limited
पोखरा लेखनाथ म.न.पा.-१०, बुद्धचोक कास्की


## नेफस्कून प्रदेश उपसमिति बैठक सम्पन्न



नेफस्कूनको प्रदेश नं ४ प्रदेश उपसमितिको पहिलो बैठक नेफस्कून सञ्चालक एवं उपसमिति संयोजक भिम बहादुर गुरूङको अध्यक्षतामा पोखरामा सम्पन्न भएको छ । नेफस्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त बैठकमा प्रदेश नं ४ मा रहेका ९ जिल्ला संघमध्येबाट ६ जिल्ला संघबाट र ४ मनोनित गरी १० जनाको उपस्थिति रहेको थियो । बैठक संयोजक भिम गुरूङ्ले मनोनित सदस्यहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै मनोनयन पत्र प्रदान गर्नुभयो । बैठकमा बरिष्ठ उपाध्यक्ष पौड्यालले उपसमितिको काम, कर्तव्य र अधिकारको विषयमा प्रष्ट्याउनु भएको थियो ।

## सहकारी बैंक मार्फत अन्तर बैंक विद्युतीय भुक्तानी शुरु

राष्ट्रिय सहकारी बैंक लिमिटेड, बैंक तथा वित्तीय संस्थाहरूलाई अन्तर बैंक भुक्तानी प्रणालीमा आवद्ध गराउदै आएको नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसंग अन्तर बैंक भुक्तानी प्रणालीमा औपचारिक आवद्ध भएको छ ।

सो सम्बन्धि सम्झौता पत्रमा राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फबाट प्रबन्ध संचालक के.बी. उप्रेती र नेपाल क्लियरिङ हाउस लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधानले हस्ताक्षर गर्नुभएको छ । यस सम्झौता अनुसार नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई अन्तर बैंक विद्युतीय भुक्तानी सेवा संचालनको लागि प्रणाली उपलब्ध गराउने छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले प्रणालीमा आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाहरूमा खाता भएका सदस्य सहकारी संस्थाहरूबाट सोझै बचत संकलन तथा भुक्तानीहरू सजिलै गर्न सक्नेछ । यस अघि नगद र चेकबाट हुदै आएका कारोबारहरू समेत उक्त प्रणाली मार्फत हुने हुदाँ कारोबारमा पारदर्शीता, सहजता र जोखिम न्यूनिकरण हुने हुदा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा बैंकमा आवद्ध सदस्य सहकारी संघ र संस्थाहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

## राष्ट्रिय सहकारी बैकको कारोबारमा वृद्धि

**२०७४ जेठ**

सहकारी संघ संस्थाहरूको एकमात्र छाता बैक राष्ट्रिय सहकारी बैक लि.को पोखरा शाखाको कारोबार उल्लेख्य रूपमा वृद्धि भएको छ। बैकको पोखरा शाखाको नयाँ कार्यालय भवनबाट कारोबार शुभारम्भ तथा अन्तरकृया कार्यक्रममा बैकका शाखा प्रमुख केदार उप्रेतीले उक्त जानकारी गराउनुभएको हो। हाल बैकमा कास्की जिल्लाबाट ३२४ सहकारी सदस्यको रूपमा आवद्ध रहेको छ भने शाखाबाट शेयर पूँजीमा ४ करोड ५० लाख, बचत निक्षेप ४८ करोड, र ५५ करोड कर्जा लगानी गरि यस आ.व.मा रू.१ करोड ५८ लाख सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको उप्रेतीले बताउनु भयो। यस अवधिमा बैकले लघुवित्त, पशुपालन तथा दुग्ध उत्पादनको क्षेत्रमा लगानी वृद्धि गरेको छ। बैक समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरूङ्गको अध्यक्षतामा भएको कार्यक्रममा बैकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले बैकले नेपालभर आफ्नो सञ्जाल विस्तार गरिरहेको, सहकारी अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको र सहकारी संघसंस्थाहरूलाई सहज रूपमा थोक कर्जा प्रवाह गरिरहेको बताउनुभयो। कार्यक्रममा केन्द्रिय सूचना सहकारी संघका अध्यक्ष विष्णुहरि ढकाल, नेफ्सकूनका सञ्चालक भीम गुरूङ्ग, बैकका सञ्चालक रामबहादुर जि.सी., जिल्ला सहकारी संघ लि.कास्कीका अध्यक्ष रविरमण तिवारी, कास्की बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष सुदिप ढकाल, सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संघ लि.का अध्यक्ष पुण्यप्रसाद पौडेल लगायतका वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

## हार्दिक बधाई



**पोखरा रोयल सहकारी संस्था लि.का सचिव श्री भीमबहादुर गुरुङ्ग नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्सकून) को सञ्चालकमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई सहित उहाँको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार
Pokhara Royal Co-Operative Society Limited
पोखरा लेखनाथ म.न.पा.-१०, बुद्धचोक कास्की

## बंगलादेशका सहकारीकर्मी रोयलमा

सहकारी संस्थामा भएका गतिविधी र सिकेका अनुभव आदानप्रदान गर्ने कार्यक्रम बमोजिम नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.को समन्वयमा बंगलादेश केन्द्रिय बचत तथा ऋण सहकारी संघका प्रतिनिधहरूको एक टोलीले पोखरा रोयल सहकारी संस्थामा भ्रमण गरेको छ। त्यस संघका केन्द्रिय उपाध्यक्षको नेतृत्वमा आएका टोलिलाई हालै एक कार्यक्रमका बीच पोखरा रोयल सहकारीका सञ्चालक समिति र व्यवस्थापन टोलीले संस्थाको सभाहलमा स्वागत तथा अन्तरकृया कार्यक्रम सम्पन्न गरेको थियो।




संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङ्गको अध्यक्षतामा भएको अन्तरकृया कार्यक्रममा कोषाध्यक्ष क्या.चन्द्रप्रसाद गुरूङ्गले स्वागत तथा सचिव भीमबहादुर गुरूङ्गले संस्थाको गतिविधी बारे जानकारी गराउनुभएको थियो। अन्तरकृयाका क्रममा भ्रमण दलका संयोजक महमद अलि जिन्हाले नेपालको सहकारीको विकासक्रम गुणस्तर कायम गर्ने तर्फ अग्रसर भएको र यो अभियान एशियामा नै उत्कृष्ठ मोडलको रूपमा अगाडि बढिरहेकोले बंगलादेशी सहकारीकर्मीहरूको लागि भ्रमण निकै फलदायी भएको बताउनुभयो। भ्रमण कार्यक्रमको संयोजन नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.का अधिकृत बल्लभ तिमिल्सिनाले गर्नुभएको थियो।

## नेफस्कून पोखराको गतिविधी तीब्र

**२०७४ आषाढ**

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्सकून) पोखरा फिल्ड कार्यालयले छोटो अवधिमा उल्लेख्य प्रगति गरेको छ। २०७२ फागुनमा स्थापना भएको फिल्ड कार्यालयले आर्थिक वर्ष २०७३/०७४ को अन्तसम्म सदस्य संख्या १५७, शेयर संकलन ५२ लाख, बचत निक्षेप १७ करोड तथा कर्जा लगानी १३ करोड बराबर गर्न सफल भएको छ भने यस अवधिमा कार्यालयले ३४ लाख सञ्चालन मुनाफा समेत गर्न सफल भएको संघका सञ्चालक एवं फिल्ड व्यवस्थापन उपसमितिका संयोजक भीम गुरूङ्गले जानकारी गराउनु भयो। यसै बीच यस अवधिमा संघ मार्फत विभिन्न विषयका १० वटा तालिम तथा १४ वटा बैठकहरू समेत सम्पन्न भएका छन्।

## सहकारी नीति निर्माण सहजिकरण तालिम

कोअपरेटिभ म्यानेजर्स क्लव कास्की को आयोजनामा असार १२ र १३ गते सहकारी नीति निर्माण सहजिकरण तालिम सम्पन्न भएको छ। उक्त तालिम कार्यक्रमको उद्घाटन नेफ्स्कुन का वरिष्ठ उपाध्यक्ष परितोष पौडेलले गर्नुभएको थियो । उद्घाटनका क्रममा उपाध्यक्ष पौडेलले भन्नुभयो “सहकारी संस्थामा कर्मचारी र सञ्चालन छुट्टयाउन जरूरी छ । सञ्चालकले सञ्चालककको कार्य गर्ने हो, कर्मचारीले कर्मचारीको कार्य गर्ने हो, यसमा कसैको पनि दवाव हुनु हुदैन । एउटा संस्थाको प्रवन्धक जति सक्षम हुन्छ त्यसले हजारौ गुना आफ्नो प्रतिफल दिन सक्दछ तसर्थ कुनै पनि संस्थामा कार्यरत कर्मचारीहरूलाई निति निर्माण गरि स्वतन्त्र रूपमा काम गर्न दिनुपर्दछ ।”

त्यसै गरी कार्यक्रमका विशिष्ट अतिथि नेफ्स्कुनका सञ्चालक भीम गुरूङ्गले सहकारी संस्था राम्रो बनाउनको लागि संस्थाको नीति पारदर्शी र समयानूकुल हुनु पर्ने बताउदै तालिमले आवश्यक पर्ने नीति बनाउन सघाउ पुग्ने विश्वास गर्नु भयो । तालिम कार्यक्रमका सहजकर्ता वरिष्ठ प्रशिक्षक दुर्गाप्रसाद ढकालले २ दिनमा सिकेका कुराहरू प्रवन्धकहरूले आफ्नो संस्थामा गई लागु गरेमा धेरै व्यवस्थित रूपमा संस्था अगाडी बढ्न सक्ने कुरा राख्नुभयो । क्लवका संयोजक मीलन ढकालको अध्यक्षतामा भएको तालिममा अनुराग श्रेष्ठ, दुधकासी गुरूङ्ग, डम्बर बस्नेत, कमल मोहन आचार्य लगायतले बोल्नुभएको थियो । तालिममा कर्मचारी प्रशासन नीति, बचत नीति, कर्जा नीति, सुशासन नीति, लेखा नीति आदि विषयमा सहजीकरण गरिएको थियो भने ३८ जना सहकारीकर्मीको सहभागिता रहेका थिए ।

## हार्दिक बधाई



**पोखरा रोयल सहकारी संस्था लि.का मूख्य प्रवन्धक श्री मीलन ढकाल को-अपरेटिभ म्यानेजर्स क्लव कास्कीको संयोजकमा चयन हुनुभएकोमा हार्दिक बधाई सहित उहाँको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार
Pokhara Royal Co-Operative Society Limited
पोखरा लेखनाथ म.न.पा.-१०, बुद्धचोक कास्की

## कर्मचारीहरू अध्ययन भ्रमणमा




पोखरा रोयल सहकारी सस्था लिमिटेडका कर्मचारीहरू बुटवलमा रहेको जनउत्थान साकोसको अध्ययन अवलोकन एबम प्युठान मा रहेको स्वर्गद्वारी को दर्शन गरि फिर्ता भएको छ । अवलोकनको क्रममा जन उत्थान साकोस का प्रबन्धक एबम सहकारीका प्रशिक्षक रन बहादुर थापाले कर्मचारी हरू लाई प्रशिक्षण दिनु भएको थियो । अवलोकन भ्रमणको नेतृत्व सस्थाका प्रवन्धक मीलन ढकालले गर्नु भएको थियो । अवलोकन भ्रमण संगै कर्मचारीहरूलाई तालिम पनि दिइएकोले बिगत बर्ष भन्दा यस बर्षको भ्रमण बढी प्रभाबकारी भएको प्रबन्धक ढकालले बताउनुभयो ।

## जिल्ला संघको विविध तालिम सम्पन्न

**२०७४ जेठ**

जिल्ला सहकारी संघ लि.कास्कीले आ.व.२०७३।०७४ मा विविध तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रमहरू सम्पन्न गरेको छ । संघका वरिष्ठ प्रवन्धक भोजराज घिमिरेका अनुसार यस वर्ष सदस्य संस्थाहरूलाई लक्षित गरि लेखा व्यवस्थापन तालिम, सहकारी व्यवस्थापन तालिम, व्यवस्थापकहरूको अन्तरकृया कार्यक्रम, महिला ससक्तीकरण तालिम, नारी दिवस सम्वन्धी अन्तरकृया कार्यक्रम, महिला सहकारी कर्मीहरूलाई सहकारी अध्ययन अवलोकन भ्रमण, किसान सहकारीकर्मीहरूलाई किसान अध्ययन अवलोकन भ्रमण साथै सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयको सहकार्यमा ३ दिने सहकारी अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको छ। कास्की जिल्लामा दर्ता भएका सहकारी मध्ये हाल जिल्ला सहकारी संघमा २५० भन्दा बढी सहकारी संघ संस्थाहरू सदस्यको रूपमा आवद्ध भएका छन् भने संघले सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संघ लि.कास्की संगको सहकार्यमा विगत एक दशकदेखि सहकारी दुग्ध उद्योग सञ्चालन गर्दै आएको छ। हाल संघले दैनिक ४ हजार लिटर बराबरको दुध संकलन, प्रशोधन तथा बजारीकरण गर्दै आएको समेत वरिष्ठ प्रवन्धक घिमिरेले बताउनुभयो ।

## लेखा समितीको अभिमुखीकरण कार्यक्रम सम्पन्न

**फाल्गुण २४ गते पोखरा, कास्की**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ नेफ्स्कूनले संघमा आवद्ध कास्की जिल्लाका विभिन्न ४९ वटा सहकारी संघ संस्थाका लेखा सुपरीवेक्षण समितीका संयोजक, सदस्य, सञ्चालक तथा कर्मचारीहरूलाई १ दिने साकोस आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण समितिको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।




नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनका लेखा तथा सुपरीवेक्षण समिती संयोजक दामोदर अधिकारीको प्रमुख आतिथ्यता तथा नेफ्स्कुन फिल्ड कार्यालय पोखरा व्यवस्थापन उप-समिती संयोजक तथा नेफ्स्कुनका सञ्चालक भीम गुरूङको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । साथै कार्यक्रममा नेफ्स्कुनका लेखा तथा सुपरिवेक्षण समिति सदस्य विपिन शर्मा, जिल्ला सहकारी संघ लि.कास्कीका अध्यक्ष रविरमण तिवारी, जिल्ला बचत तथा ऋण सहकारी संघ लि.कास्कीका अध्यक्ष सुदीप ढकाल, नेफ्स्कुन फिल्ड कार्यालय पोखराका व्यवस्थापन उप-समिति सदस्य अनन्त कुमार श्रेष्ठ, नेफ्स्कुनका वित्तिय अनुगमन अधिकृत सन्तोष बस्याल र कार्यक्रम अधिकृत भरत प्रसाद न्यौपानेको उपस्थिती रहेको थियो ।

कार्यक्रममा नेफ्सकूनका लेखा तथा सुपरिक्षण समिति संयोजक दामोदर अधिकारीले सहकारी संस्थाहरूमा आन्तरिक सुशासन कायम गर्नका लागी सहकारी संस्थाहरूमा स्वःनियमन, आन्तरिक नियन्त्रण र सुशासन कायम राखेर मात्र सहकारी संस्थाहरू सन्चालन गर्नुपर्ने र उक्त कुराको व्यवस्थापनका लागी लेखा समितिको मुख्य जिम्मेवारी रहने बताउनु भयो भने अतिथिहरू रविरमण तिवारी, सुदिप ढकाल, रूद्रनाथ पौडेल लगायतका बक्ताहरूले आ आफ्नो शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा नेफ्सकून फिल्ड कार्यालय पोखराका इन्चार्ज दिनेश भण्डारीले कार्यक्रम सञ्चालन र सदस्य नारायणप्रसाद आचार्यले स्वागत गर्नुभएको थियो ।

यसैबीच अभिमूखीकरण कार्यक्रममा दामोदर अधिकारीले साकोसमा आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धमा र वित्तिय अनुगमन अधिकृत सन्तोष बस्यालले आन्तरीक लेखा परिक्षण र प्रतिवेदन तयारीको बारेमा सहजिकरण गर्नु भएको थियो ।

## प्रोबेसन पोखरा क्लस्टर गठन

नेफ्स्कूनले सञ्चालनमा ल्याएको नेपाल स्तरको ब्राण्डिङ कार्यक्रम प्रोवेशनमा आबद्ध पोखरा क्लष्टरका साकोस संस्थाहरूको पहिलो प्रोवेशन समिक्षा वैठक सम्पन्न भएको छ । पोखरा रोयल सहकारी संस्था लि. को आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा सञ्चालित उक्त समिक्षा बैठकमा नेफ्स्कूनका सञ्चालक भिम गुरूङ प्रमुख अतिथि रहनु भएको थियो ।




पोखरा रोयल साकोसका उपाध्यक्ष रूद्र कुमारी गुरूङको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारी र कास्की जिल्ला बचत संघका अध्यक्ष सुदीप ढकाल अतिथिको रूपमा सहभागी हुनुभएको थियो । बैठकलाई संवोधन गर्ने क्रममा प्रमुख अतिथि एवं नेफ्स्कूनका सञ्चालक भिम गुरूङले सहकारी संस्थाहरू समुदायमा आधारित हुने भएकोले नीति, विधि र प्रविधिमा सन्चालन हुनपर्ने, सहकारी सस्थाहरूले ब्राण्डका लागि मात्र नभएर सुशासन, पारदर्शिता र व्यवसायिकताको लागि प्रोवेशन कार्यक्रममा अनिवार्य रूपमा सहभागी हुन पोखरा क्षेत्रका साकोस संस्थाहरूलाई आग्रह गर्नुभएको थियो ।

जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारीले नेफ्स्कुनले सन्चालन गरेको प्रोवेशन कार्यक्रम संस्थागत सुशासन, पारदर्शिता र संस्थाको वृद्धि विकासको लागि अत्यन्त प्रभावकारी भएको साथै पोखरा क्षेत्रका सबै संस्थाहरूले प्रोवेशन कार्यक्रममा सहभागी हुनपर्ने विषयलाई जोड दिनु भयो । बैठकमा ८ वटा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष, सञ्चालक एवं व्यवस्थापक गरी कूल ३४ जना साकोस कर्मीहरूको सहभागिता रहेको थियो । बैठकको सहजीकरण नेफ्स्कूनका कार्यक्रम अधिकृत बल्लभ तिमील्सीना र भरतप्रसाद न्यौपानेले गर्नुभएको थियो ।

# Analysis of Pokhara Royal Saccos by PEARLS Indicators



**Mrs. Jyoti Gurung**
In charge
Lekhnath Service Center


PEARLS is a financial performance monitoring system designed to offer management guidance for credit unions and other saving institutions. The PEARLS system was originally designed and implemented with Guatemalan credit unions in the late 1980s. WOCCU now uses it worldwide to monitor the performance of credit union, to create a universal language that each credit union can speak and understand, to generate comparative credit union rankings, and to provide the framework for a supervisory unit to the second tier. PEARLS present financial variables upon which credit unions can base their business planning.

WOCCU has set international financial standards for credit union performance. Key ratios within the PEARLS are summarized below.

| | |
|---|---|
| **P= Protection (6 ratio)**<br>Protection is measured by comparing the adequacy of the provisions for loan losses against the amount of delinquent loans. | **E= Effective Financial Structure (9 ratio)**<br>The financial structure of the credit union is the most important factor in determining growth potential, earnings capital, and overall financial strength. Ratios in this category measure assets, liabilities and capital. |
| **A= Assets Quality (3 ratio)**<br>The indicators in this section measure the impact of assets which do not generate income such as delinquent loans, and non-productive assets. | **R= Rates of Return and Costs (12 ratios)**<br>The indicators measure operational costs including financial costs paid on deposit savings, share-savings, and external loans. The results more clearly indicate whether the credit unions is earning and paying market rate on its assets, liabilities and capital. |
| **L= Liquidity (3 ratio)**<br>The liquidity indicators reveal if the credit union is administering its cash to meet deposits withdrawal requests and liquidity reserve requirements while, "ideal" target is to minimize the amount of idle funds. | **S= Sign of growth (11 ratio)**<br>In this section of PEARLS, the indicator S measures the growth of loan, liquidity, share, deposits, institutional capital and assets. |

## PEARLS used by Pokhara Royal Saccos

Since past 9 years, Pokhara Royal Saccos has been using PEARLS analysis. It is found that Pokhara Royal Saccos has been using 49 indicators as other co-operatives only use 44 indicators. There are many measuring indicators which fall under PEARLS analysis but this study is done on the basis of sign of growth. This analysis shows the ups & downs of Loans, Liquid investment, Financial Investment, Member deposit, Member share, Institutional Capital and Total Assets. These gathered data are compared between last four fiscal years and current FY is also included with the final result of PEARLS analysis which is shown in following figures.




| | loan | Depo | Share | Capital | Assets | Income |
|---|---|---|---|---|---|---|
| 2070 | 11.47 | 15.55 | 5.65 | 26.46 | 14.84 | 2.97 |
| 2071 | 40.53 | 43.27 | 1.29 | 21 | 36.9 | 2.83 |
| 2072 | 17.41 | 20.36 | 25.2 | 24.63 | 22.24 | 3.35 |
| 2073 | 16.29 | 10.55 | 18.43 | -25.16 | 12.05 | 2.82 |
| 2074 | 5.38 | 5.22 | 46.66 | 32.91 | 12.81 | 3.09 |

## Conclusion:-

**Growth of Loan:** The loan portfolio is the most important and profitable credit union asset. But as per the definition and evolution; the ratio are in fluctuation trend but comparing with other four past FYs, 2074 growth of loan is dropping down.

**Growth of Member Deposit:** The growth of total assets is dependent on the growth of savings. The ratio is fluctuating during the study period. In FY 2074, the growth of saving deposit is quite unsatisfactory.

**Growth of Member Share:** The growth of member share dependent on E7, as per the study in FYs 2072, 2073 and 2074, the growth of member share is quite satisfactory within the standard except FYs 2070 and 2071.

**Growth of Institutional Capital:** Institutional capital growth is the best indicator of profitability within credit unions. Except FY 2073, other FYs are within the standard.

**Growth of Total Assets:** Growth in total assets is one of the most important ratios. As per the study, growths of asset are within the standard.

**Growth of Income:** High delinquencies affect the income of institution. Growth of income is dependent in E9. As per the study, growths of income of all FYs are within the standard.

## ऋणको भाखा नघाउने कालो सूचीमा

**२०७४ वैशाख**

सहकारी संस्थाबाट ऋण लिई भाखा नघाउने र पटक पटक सुचना गर्दा पनि संस्थाको ऋण नतिर्ने ऋणीहरूलाई सहकारी संस्थाले कालो सूचीमा राखी कार्वाही गर्ने भएको छ। उक्त विषयमा सहकारी संस्थाहरूले सहकार्य गरि संस्थाबाट लगानी भएका ऋण रकमलाई सुरक्षित गर्नेतर्फ लागेका हुन् । उनीहरूले यस सम्वन्धमा एकै खाले अनलाईन सफ्टवेयर जडान गरिसकेका छन् । पोखरा रोयल सहकारी संस्थाले पनि ऋणी सदस्यले आफुले कबोल गरेको भाखा भित्र आफ्ना किस्ता तथा ब्याज तिर्न अटेर गरि बारम्बार सम्झौता उल्लंघन गरेको अवस्थामा त्यस्ता ऋणीहरूको नाम कालो सूचीमा सूचीकृत गर्न आवश्यक तयारी गरिएको कर्जा प्रवन्धक परमेश्वर दाहालले बताउनुभयो । उक्त कार्यबाट खराब ऋणीको पहिचान गर्न सजिलो हुने, दोहोरो सदस्यतामा न्यूनीकरण हुने र संस्थाको ऋण सुरक्षणमा सहजता आउने विश्वास लिइएको छ ।

## जाली नोट पहिचान सम्वन्धी गोष्ठी

**२०७४ आषाढ**

कास्की बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा जाली नोट पहिचान गर्ने उपकरण प्रदर्शनी सम्वन्धी गोष्ठी सम्पन्न भएको छ। संघको अध्यक्ष सुदिप ढकालको अध्यक्षतामा भएको उक्त एक दिने कार्यक्रममा संघका निवर्तमान अध्यक्ष एवं नेफ्सकूनका सञ्चालक भीम गुरूङ्गले जाली नोटका कारण सहकारीमा समेत जोखिम बढ्दै गएको अवस्थामा नोट पहिचान गर्ने उपकरणको सहयताले थोरै भएपनि राहत मिल्ने बताउनु भयो । कार्यक्रममा सुमी ट्रेडर्सका संचालक सूर्यबहादुर शाहीले जाली नोटका कारण धेरै व्यवसायीले भोगेको समस्या मुक्त गर्न लामो समयको अध्ययन पश्चात सिंगापुरबाट नेपालमा पहिलो पटक यस्तो उपकरण ल्याएको बताउनु भयो । कार्यक्रममा जिल्ला सहकारी संघ लि.का अध्यक्ष रविरमण तिवारी, बचत संघका उपाध्यक्ष भेषराज बराल, सचिव दिपकप्रकास आचार्य लगायतका बक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा विभिन्न सहकारी संघ संस्थाका करिब १०० जना सहकारी कर्मीको उपस्थिति रहेको थियो ।

## बचत संघको अभिमूखीकरण गोष्ठी

**२०७४ वैशाख**

कास्की बचत तथा ऋण सहकारी संघ लि.ले संघमा आवद्ध नयाँ सदस्य संस्थाका प्रतिनिधीहरूलाई एकदिने सहकारी अभिमूखीकरण गोष्ठी सम्पन्न गरेको छ । आ.व.२०७३।०७४ मा सदस्यता प्राप्त संस्थाहरूलाई लक्षित गरि आयोजना गरिएको कार्यक्रममा संघका निवर्तमान अध्यक्ष भीम गुरूङ्ग, अध्यक्ष सुदिप ढकाल, लेखा समिति संयोजक रूद्रनाथ पौडेल र कोषाध्यक्ष नारायण आचार्यले विविध विषयमा सहजीकरण गरेका थिए । संघसंग आवद्ध ४० संस्थाका पदाधिकारीहरू उपस्थित उक्त गोष्ठीमा उपाध्यक्ष भेषराज बरालले स्वागत, सचिव दिपकप्रकास आचार्यले कार्यक्रम संचालन र संघका अध्यक्ष सुदिप ढकालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## हार्दिक समवेदना



**यस संस्थाका शेयर सदस्य तथा समाजसेवी पोखरा लेखनाथ वडा नं.२६ विजयपुर निवासी रामबहादुर कार्कीको असामयिक निधन भएकोमा सहकारी परिवार मर्माहत भएको छ । यस दुखद घडीमा मृत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार
Pokhara Royal Co-Operative Society Limited
पोखरा लेखनाथ म.न.पा.-१०, बुद्धचोक कास्की

## सहकारीमा लेखा समितिको भूमिका विषयक गोष्ठी

राष्ट्रिय सहकारी संघ लि. नेपालद्धारा प्रदेश नं ४ का लागि आयोजित सहकारीमा लेखा समितिको भूमिका विषयक प्रादेशिक कार्यशाला गोष्ठी पोखरामा भएको छ । संघका लेखा संयोजक श्री धर्मदत्त देवकोटाको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहको प्रमुख अतिथि कास्कीका प्रमुख जिल्ला अधिकारी हरी प्रसाद मैनालीले कुनै पनि संघ संस्थाको आर्थिक हिसाव किताव दुरूस्त भएमा कसैले औंला उठाउन नसक्ने भन्दै सो का लागि लेखा समितिको भूमिका महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो । समयानुकुल प्रविधि ग्रहण गर्दै जानुपर्ने र सदस्यहरूले संस्थाको आर्थिक विवरण पाउनुपर्ने अधिकार भएको विचार व्यक्त गर्दै सहकारीलाई जीवन्त राख्न लेखा समितिको जिम्मेवारी महत्वपूर्ण रहेको बताउनुभयो ।



राष्ट्रिय सहकारी संघका वरिष्ठ उपाध्यक्ष मीनराज कंडेलले सहकारीमा संचालक तथा लेखा समिति पर्यायवाची शब्द भएको र एक अर्काका परिपुरक रहेको बताउदै सहकारी संघ संस्थालाई व्यवस्थित रूपमा संचालन गर्नका लागि लेखा समितिको भूमिका महत्वपूर्ण हुने कुरामा जोड दिनुभयो । साथै, कंडेलले दिगो विकास लक्ष्यका १७ वटा वुदाहरूमा सहकारीले योगदान पुयाउनका लागि योजनागत रूपमा जानुपर्ने भन्दै अन्तराष्ट्रिय सहकारी महासंघको सन् २०२० सम्मको लक्ष्यवारे जानकारी गराउनुभयो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ नेफ्स्कुन का संचालक भीम गुरूङ्गले सहकारी संघ संस्थाको कारोवार वृद्धि हुदै गएपछि चुनौती पनि थपिदै जाने भएको र सो चुनौती सामना गर्न लेखा समितिको भूमिका महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो । साथै, सदस्यहरूलाई वढी भन्दा वढी मुनाफा दिन सहकारी संघ संस्थाले कर लुकाउने कार्यमा कहिकतै लेखा समिति पो साक्षी वसेका छैनौं भन्ने प्रश्न समेत गर्नुभयो ।

संघका संचालक प्रभा कोइरालाको स्वागत मन्तव्यबाट शुरू भएको कार्यक्रममा संघका लेखा समितिका सदस्य उमेश महासेठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा प्रदेश नं. ४ का जिल्ला सहकारी संघका अध्यक्ष तथा लेखा संयोजक वा सदस्य र विषयगत संघका लेखा समितिका संयोजक र सदस्य गरी जम्मा ७४ जनाको सहभागिता रहेको छ । कार्यक्रममा सहकारी तथा गरिवी निवारण मन्त्रालयका सहसचिव सुरेश प्रधानले सहकारी सुशासनमा सरकारको भूमिका, संघका लेखा संयोजक धर्मदत्त देवकोटाले सहकारी सुशासनमा लेखा समितिको भूमिका, सि.ए. अर्जुनप्रसाद गोशलीले सहकारीमा सुशासन तथा आन्तरिक तथा वाह्य लेखा परिक्षण विषयक कार्यपत्रहरू प्रस्तुत भएको छ ।

### लेखनाथ सेवाकेन्द्र नयाँ भवनबाट

पोखरा रोयल सहकारी संस्थाको लेखनाथ सेवाकेन्द्र नयाँ स्थानबाट सञ्चालन भएको छ । संस्थाले आफ्नो १६औं वार्षिकोत्सवको अवसर पारि यहि २०७४ जेठ ८ गतेबाट नयाँ आधुनिक सुविधा सम्पन्न कार्यालयबाट कारोबार शुभारम्भ गरेको हो । शुभारम्भ कार्यक्रम संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङ्ग तथा संस्थाका सचिव एवं नेफसूकूनका सञ्चालक भीमबहादुर गुरूङ्गले संयुक्त रूपमा रिबन काटेर गर्नुभएको थियो । नयाँ भवनमा कार्यालय स्थान्तरण संगै संस्थाको कारोबारमा वृद्धि हुने, सदस्यहरूलाई सुविधा हुने र निकट भविश्यमा सहकारी लघु कर्जा सञ्चालन गर्ने संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनु भयो । संस्थाको हालको सेवाकेन्द्र पुरानो स्थान भन्दा दक्षिण तर्फ करिब १०० मिटर दुरीमा सरेको छ । कार्यालय नयाँ भवनमा सरेसंगै सदस्यहरूको आगमनमा वृद्धि भएको, सदस्यहरूलाई सुविधा पुगेको र कारोबार समेत वृद्धि भएको सेवाकेन्द्र प्रमुख ज्योती गुरूङ्गले बताउनुभयो ।

### रोयलमा १८०० सहकारीकर्मी द्वारा अवलोकन

पोखरा रोयल सहकारी अध्ययन भ्रमणको थलो भएको कुरा आर्थिक वर्ष २०७३/०७४ मा संस्थामा आएका सहकारी कर्मीहरूको बढ्दो उपस्थितिले प्रमाणित गरेको छ । संस्थाको रेकर्ड अनुसार यस वर्ष मात्रै २०५ संस्थाका १८२५ प्रतिनिधीहरूले प्रत्यक्ष रूपमा भ्रमण गरेका छन् । भ्रमणमा आउने हरू नेपालका विभिन्न स्थानका सहकारीहरूका साथै भारत, बंगलादेश र श्रीलंकाका सहकारीकर्मी रहेका छन् । भ्रमण कार्यक्रमले सहकारीबीच अन्तरसम्वन्ध बढेको, अनुभव आदानप्रदान भएको, संस्थाको प्रचार प्रसार बढेको अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङ्ग बताउनु हुन्छ । भ्रमणमा प्रारम्भिक संस्थादेखि जिल्ला संघ, केन्द्रिय संघ र सरकारी निकाय समेत रहेको संस्थाका अधिकृत उमनाथ आचार्यले बताउनुभयो । खासगरि संस्थामा आउनेहरू संस्थाको व्यवस्थापन प्रणाली, स्वायत्त संस्था निर्माणको अनुभव, प्रौढ कक्षाको अभियान र सदस्य राहत कोष बारे आकर्षण हुने गरेको सचिव भीम गुरूङ्गले बताउनु भयो ।

## को-अपरेटिभ म्यानेजर्स क्लवमा ढकाल




कास्की जिल्लाका सहकारी संस्थाहरूमा कार्यरत प्रवन्धकहरूको भेलाले सहकारीमा कार्यरत व्यवस्थापकहरूको लागि कोअपरेटिभ म्यानेजर्स क्लव कास्की गठन गरेको छ। भेलाले पोखरा रोयल सहकारीका मुख्य प्रवन्धक मीलन ढकालको संयोजकत्वमा ९ सदस्यीय कार्य समिति समेत चयन गरेको छ भने सदस्यहरूमा अनुराग श्रेष्ठ मेगा साकोस, दुधकाशी गुरूङ्ग दुधपोखरी साकोस, कमल मोहन आचार्य डाँफे साकोस, पशुपति अधिकारी सहयात्री साकोस, डम्बर सिंह बस्नेत गौरिशंकर साकोस, जगन्नाथ लामिछाने बाघमारा साकोस, द्रौपदी गुरूङ्ग रिठ्ठेपानी साकोस र बोधराज रेग्मी दर्पण साकोस हुनुहुन्छ।

संयोजक मीलन ढकालका अनुसार सदस्यहरूको चाहना र आवश्यकता अनुसार गुणस्तरीय वस्तु तथा सेवाहरू उपलव्ध गराउन, प्रवर्तनकारी अभ्यासहरू मार्फत कुशल व्यवस्थापनको माध्यमबाट सहकारीको संस्थागत विकास, सुशासनको प्रत्याभुती, व्यवसायिकरण र सवल तथा सुरक्षित सहकारी अभ्यासको लागि सहकारीहरूमा कार्यरत व्यवस्थापकहरूको ज्ञान, शिप, अनुभव, क्षमता विकासको साझा थलोको रूपमा विकास गर्नको लागि कोअपरेटिभ म्यानेजर्स क्लव गठन गर्न आवश्यक भएको हो, यो युनियनको रूपमा नभई क्वालिटी सर्कलको रूपमा अगाडी बढ्नेछ। भेलाका प्रमुख व्यक्तित्व निर्वाचन संयोजक जिल्ला सहकारी संघ लि. कास्कीका वरिष्ठ प्रवन्धक भोजराज घिमिरेले यो ऐतिहासिक कामको थालनी भएको र आगामी दिनमा यसले संस्थामा कार्यरत प्रवन्धकहरूको क्षमता वृद्धि भई सवल र गुणस्तरिय सहकारी संस्था बनाउन सहयोग पुग्ने कुरा व्यक्त गर्नु भयो। त्यसै गरि नेफ्स्कुन फिल्ड कार्यालयका ईन्चार्ज दिनेश भण्डारीले सहकारी संस्थाका प्रवन्धकहरू एक आपसमा भेट भई आफ्ना संस्थामा भएका समस्याहरू हल गर्न सहयोग पुग्ने कुरा व्यक्त गर्नु भयो। सहभागिको तर्फबाट डम्बर सिंह बस्नेतले यो हामीहरूको साझा थलो भएको र यसमा कास्की जिल्लाका सवै सहकारी संस्थाका प्रवन्धकहरू सरिक हुनुपर्ने कुरामा जोड दिनु भयो। उक्त भेलामा कमलमोहन आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो भने अनुराग श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो। यसै बीच क्लवको पहिलो वैठकले राष्ट्रिय सहकारी संघका सञ्चालक प्रभा कोइराला, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन) का सञ्चालक भीम गुरूङ्ग, जिल्ला सहकारी संघ लि.कास्कीका अध्यक्ष रविरमण तिवारी, कास्की वचत तथा ऋण सहकारी संघका अध्यक्ष सुदिप ढकाल र जिल्ला सहकारी संघ लि.का वरिष्ठ प्रवन्धक भोजराज घिमिरेलाई सल्लाहकारमा मनोनयन गरेको छ।

### सहकारीमा कर सम्वन्धी तालिम

कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीको आयोजनामा यहि २०७४ साल वैशाख ८ र ९ गते २ दिने सहकारीमा कर प्रयोगात्मक तालिम सम्पन्न भयो। उक्त कार्यक्रममा विभिन्न सहकारीका ४६ जनाको सहभागिता रहेको थियो। तालिममा नेफ्स्कुनका सञ्चालक भीम बहादुर गुरूङ्गले सहकारीका व्यवस्थापकहरू आफु सक्षम भए पश्चात मात्र संस्था सक्षम हुने हुँदा यस्ता तालिम बाट सिकेका कुराहरू बहु उपयोगि हुने अनुरोध गर्दै को-अपरेटिभ म्यानेजर्स क्लव कास्कीले यस्ता गतिविधि अगाडी बढाएकोमा सहकारी अभियानमा एउटा ईटा थपिएको भनाई राख्नु भयो। उक्त तालिमका प्रशिक्षक चार्टड एकाउन्टेन्ट अर्जुन गोशलीले आयकर ऐन २०५८ अनुसार सहकारी संस्थामा पनि कर लाग्ने हुँदा आयकर ऐनले व्यवस्था गरे अनुसार नै सहकारी संस्था चल्नुपर्ने धारणा राख्नु भयो। उक्त तालिमको अध्यक्षता क्लवका संयोजक मीलन ढकालले गर्नु भएको थियो। संयोजक ढकालले क्लवले यस्ता गतिविधिहरू सञ्चालन गरिरहने हुँदा आफ्नो क्षमता विकासको लागि सम्पुर्ण व्यवस्थापकहरू सम्मिलित हुनुपर्ने कुरामा जोड दिनु भयो। कार्यक्रममा सहभागिको तर्फबाट विद्याता श्रेष्ठ ले क्लवले गरेका यस्ता तालिमबाट सम्पूर्ण व्यवस्थापकहरू लाई फाइदा पुगेको कुरा व्यक्त गर्नु भयो। उक्त तालिम कार्यक्रममा स्वागत मन्तव्य कमलमोहन आचार्य र सञ्चालन अनुराग श्रेष्ठले गर्नुभएको थियो।

## नेफस्कून व्यवसाय अभिमुखीकरण कार्यक्रम सम्पन्न

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. पोखरा फिल्ड कार्यलयको आयोजनामा जेठ २१ गते एक दिवसीय नेफ्स्कुन व्यवसाय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन नेफ्स्कूनका सञ्चालक उद्धव सापकोटाले गर्नुभएको थियो। कार्यक्रममा सञ्चालक सापकोटाले सहकारी संस्थाहरूमा आन्तरिक सुशासन कायम गर्न संस्थामा स्व-नियमन र आन्तरिक नियन्त्रण प्रणाली सबल र सक्षम हुनुपर्ने भन्दै साकोस संस्थाहरूको व्यवसाय विस्तारसँगै नेफ्स्कूनको पूँजी बृद्धिमा विशेष ध्यान दिन जरूरी रहेको बताउनुभयो ।

नेफ्स्कूनका सञ्चालक एवं नेफ्स्कुन पोखरा फिल्ड कार्यालय व्यवस्थापन उप-समितीका संयोजक भिम बहादुर गुरूङको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा नेफ्स्कुनका सञ्चालक नानिकाजि शाक्य, चण्डि प्रसाद शर्मा पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघ कास्कीका उपाध्यक्ष भेषराज बराल, नेफ्स्कुन फिल्ड कार्यालय पोखराका व्यवस्थापन उप-समिति सदस्य नारायण प्रसाद आचार्य , नेफ्स्कुनका व्यवसाय विभाग प्रमुख गणेश प्रसाद तिमल्सीना, नेफ्स्कुनका वित्तिय अनुगमन अधिकृत दामोदर ढकाल र कार्यक्रम अधिकृत भरत प्रसाद न्यौपाने लगायतको उपस्थिती रहेको थियो ।

कार्यक्रमकमा ३१ वटा बचत तथा ऋण सहकारी संस्थाबाट ५२ जना साकोस कर्मीहरूको सहभागिता रहेको थियो  कार्यक्रमको सहजीकरण नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख गणेश प्रसाद तिमल्सीनाले, कार्यक्रमको स्वागत नारायण प्रसाद आचार्यले र सञ्चालन पोखरा फिल्ड कार्यालय ईन्चार्ज दिनेश भण्डारीले गर्नुभएको थियो ।

### ५ वर्षमा १० हजार सदस्य बनाउने

पोखरा रोयल साकोसले सहकारीको सेवा आम जनतामा पुऱ्याउने अभियान अर्न्तगत आगामी ५ वर्षमा संस्थाका सदस्य १० हजार पुऱ्याउने लक्ष्य लिएको संस्थाका मूख्य प्रवन्धक मीलन ढकालले बताउनुभयो । संस्थाको हालै सम्पन्न ५ वर्षे रणनैतिक योजनाको लक्ष्य बमोजिम ग्रामीण भेगमा सदस्यता विस्तार गरिने रणनीति रहेको उहाँले बताउनुभयो। हाल संस्थाको सदस्य ३४०० रहेको छ। सदस्यता वृद्धिसंगै कारोबार वृद्धि, रोजगारी वृद्धि र स्थानीय स्तरमा सेवाको पहुँच पुग्ने प्रवन्धक ढकालले बताउनुभयो। संस्थाको हाल कायम रहेको तनहुँ, स्याङ्गजा, कास्की र लमजुङ्ग जिल्ला कार्यक्षेत्र रहेको र एक सदस्य एक नयाँ सदस्य बनाउने रणनीति रहेकोले तोकिएको समय भित्र १० हजार सदस्य पुग्ने संस्थाका सचिव भीम गुरूङ्गले बताउनुभयो ।

## कर्मचारीको क्षमता अभिवृद्धि तालिम



पोखरा रोयल सहकारी संस्था लि.ले एकदिने क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ। संस्थामा कार्यरत कर्मचारीहरूको शीप, क्षमता तथा अनुभव वृद्धि गर्ने उद्धेश्यका साथ तालिम आयोजना गरिएको मूख्य प्रवन्धक मीलन ढकालले बताउनुभयो । नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.का वरिष्ठ अधिकृत दुर्गा ढकालले सहजीकरण गरेको उक्त तालिम कार्यक्रममा सदस्यसंगको व्यवहार, संचार शीप व्यवस्थापन र कर्मचारीहरूले संस्थागत विकासको लागि खेल्नुपर्ने भूमिकाको बारेमा प्रशिक्षण दिइएको थियो । तालिम कार्यक्रमको संचालन कर्जा प्रवन्धक परमेश्वर दाहाल, स्वागत मूख्य प्रवन्धक मीलन ढकाल र समापन सचिव भीमबहादुर गुरूङ्गले गर्नुभएको थियो ।

## प्रस्तावित सहकारी ऐन बारे अन्तरक्रिया

पोखरा रोयल सहकारी संस्था लिमिटेडको सभाहलमा यहि श्रावण ९ गते को-अपरेटिभ म्यानेजर्स क्लव कास्कीको संयोजनमा प्रस्तावित मस्यौदा सहकारी ऐन बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेफ्स्कुनका सञ्चालक भीम बहादुर गुरूङ्गले प्रस्तावित सहकारी ऐनका वारेमा आफ्नो कार्य पत्र प्रस्तुत गर्दै सहकारी संस्थामा हाल भई रहेको ऐनमा केहि राम्रा र केहि कडा विषयवस्तुहरू समेटेर आएकोले सहकारी संस्थामा सुशासन कायम गर्न मद्धत पुग्ने बिचार राख्नु भयो । तथापी उहाँले ऐनमा सहकारीलाई व्यवस्थित गर्ने नाममा यसको दायरा र क्षेत्राधिकार खुम्च्याउन नहुनेमा सबै सरोकारवाला निकाय चनाखो हुनुपर्ने बताउनुभयो। त्यसै गरि चार्टड एकाउन्टेन्ट राज कुमार फुयालले लेखापरीक्षण गर्नु पुर्व ध्यान दिनु पर्ने विषयमा आफ्नो धारणा हरू राख्नु भयो । क्लवका संयोजक मीलन ढकालको संयोजकत्वमा भएको उक्त कार्यक्रममा कास्की जिल्लाका २४ जना व्यवस्थापकहरूको उपस्थिती रहेको थियो । क्लवले आफ्ना सदस्यहरूलाई समसामयिक विषयमा अन्तरकृया तथा तालिम प्रदान गर्दै आईरहेकोछ ।

## हेम्जामा सहकारीद्वारा ग्रीन हाउस निर्माण

२०७३ आषाढ

हेम्जाका सहकारी संस्थाहरूको सहकार्यमा सहकारी ग्रीन हाउस निर्माण गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहकार्यमा करिब एक करोडको लागतमा निर्माण भएको ग्रीन हाउस सञ्चालक समितिका सदस्य एवं कास्की बचत तथा ऋण सहकारी संघ लि.का लेखा समिति संयोजक रूद्रनाथ पौडेलले बताउनुभयो । परियोजना अर्न्तगत ५ वटा ग्रीन हाउस र अन्य प्रदर्शनी कक्षहरू निर्माण गरिन लागेको पौडेलले बताउनुभयो । करिब ४०९६ वर्ग मि.मा फैलिएको परियोजना स्थल करिब २१ रोपनी जग्गामा फैलिएको छ । ग्रीन हाउस निर्माण पश्चात सबै मौसममा तरकारी खेती उत्पादन गर्न सकिने, घामपानीले असर नहुने र किराबाट जोगिने बताउनुभयो । परियोजनामा सहभागी सहकारीहरूमा देविस्थान कृषि सहकारी, गौरीशंकर साकोस, हेम्जा साकोस, हिमालय साकोस, बहुउद्धेश्यीय कृषि सहकारी, मूलपानी कृषि सहकारी, कालिका कृषि सहकारी, विकल्प जडिबुटि सहकारी, टिप्रीकोट कृषि सहकारी, भू.पू.सैनिक कृषि सहकारी, दियालो कृषि सहकारी अनवरत कृषि सहकारी रहेका छन् ।

## श्रीलंकाका सहकारीकर्मीलाई स्वागत

मंशीर, २०७३

राष्ट्रिय सहकारी संघ लि.को वार्षिक सहकारी संचालन सम्वन्धी अनुभव आदान प्रदान गर्ने कार्यक्रम अर्न्तगत श्रीलंकाबाट आएका सहकारी प्रतिनिधी र पोखरा रोयल सहकारी संस्थाका संचालक बीच एकदिने अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । पोखरा रोयल सहकारी संस्था लि.को बैठक कक्षमा सम्पन्न कार्यक्रममा राष्ट्रिय सहकारी संघ लि.का वरिष्ठ प्रवन्धक बलदेव पौड्यालले सहभागीहरूको तर्फबाट सहजीकरण गर्नुभएको थियो । संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङ्गको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाको तर्फबाट लेखा अधिकृत अभिषेक गुरूङ्गले संस्थाको बारेमा जानकारी गराउनुभएको थियो भने सहभागीहरूको जिज्ञाशाको कोषाध्यक्ष क्या.चन्द्रप्रसाद गुरूङ्ग र कर्जा प्रवन्धक परमेश्वर दाहालले स्पस्ट पार्नुभएको थियो । कार्यक्रममा श्रीलंकाली सहकारीकर्मीहरूले नेपालको सहाकारी आन्दोलनको अवस्था, कर प्रणाली, रोयल सहकारीले सदस्यहरूलाई दिएको सेवा आदिका बारेमा प्रश्न गरेका थिए । सहभागीहरूमा श्रीलंकाका सानसा सहकारी बैक, कृषि सहकारी, दुग्ध सहकारी, उपभोक्ता सहकारी, बहुउद्धेश्यीय सहकारी र केन्द्रिय सहकारी संघका प्रतिनिधीहरू रहेका थिए ।

## १६ सदस्यीय सहकारी टोलि बंगलादेश भ्रमणमा

बंगलादेश बचत तथा ऋण सहकारी संघ र संस्थहरूको केन्द्रीय संघ Cooperative Credit Union League of Bangladesh (CCULB) द्वारा २०७४ साउन ७ देखि १४ गते सम्म बंगलादेशको ढाकामा आयोजना भएको "22nd NEFSCUN-CCULB Mutual Exposure Visit" कार्यक्रममा नेफ्स्कूनका सञ्चालक भरत प्रसाद दवाडी र कार्यक्रम अधिकृत शान्ति अधिकारी सहित विभिन्न साकोसका सञ्चालक, व्यवस्थापक एवं कर्मचारी, सहकारी विभाग र डिभिजन सहकारी कार्यालयबाट एक एक जना अधिकृत गरी कूल १६ जनाको टोली सहभागी भएको छ ।



बंगलादेशमा सञ्चालित क्रेडिट युनियनहरूको व्यवस्थापकीय पक्ष अत्यन्त राम्रो रहेको र उक्त सिकाईबाट नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूमा समेत सकारात्मक परिवर्तन ल्याउन सकिने विषयमा अभिमुखीकरणमा छलफल गरिएको थियो । अभिमुखीकरण सहजीकरण नेफ्स्कूनका प्रशासन तथा समन्वय विभाग प्रमुख शिव अधिकारीले गर्नुभएको थियो । उक्त भ्रमणदलको नेतृत्व नेफ्स्कूनका सञ्चालक समिति सदस्य भरत प्रसाद दवाडीले गर्नुभएको थियो ।

यसैबीच भ्रमणमा सहभागी पोखरा रोयल साकोसका कोषाध्यक्ष क्या.चन्द्रप्रसाद गुरूङ्गले अध्ययन भ्रमण अत्यन्त नौलो र सौहार्दपूर्ण बातावरणमा सम्पन्न भएको बताउनुभयो । बंगलादेशमा बिनाधितो कर्जा प्रणालीमा लगानी गर्ने गरेको, धार्मिक समूहबाट सहकारी सञ्चालन गर्ने गरेको, खाली चेकबाट कारोबार गर्ने गरेको, भर्खर मात्र आयकरमा प्रवेश गरेको र कर्जाको ब्याजदर अधिकर रहने गरेको अनुभव गुरूङ्गले बताउनुभयो ।

## सदस्य शिक्षामा जोड दिदै रोयल

२०७४ जेठ

पोखरा रोयल सहकारी संस्था लि.ले आफ्नो वार्षिक कार्यक्रम बमोजिम संस्थाका सदस्यहरूलाई एकदिने सहकारी अभिमूखीकरण तालिम सम्पन्न गरेको छ । संस्थाको १६औं वार्षिकोत्सवको अवसरमा लेखनाथ क्षेत्रका शेयर सदस्यहरूलाई लक्षित गरि तालिम कार्यक्रम सम्पन्न गरेको शिक्षा तालिम तथा सूचना उपसमितिका संयोजक केशवप्रसाद ढकालले बताउनुभयो । संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङ.को अध्यक्षतामा भएको उक्त तालिम कार्यक्रमको सहजकर्ता संस्थाका सचिव एवं नेफ्सकूनका संचालक भीमबहादुर गुरूङ्ग रहनुभएको थियो । तालिममा सहकारीको परिचय, शेयर सदस्यको कर्तव्य, सहकारी र अन्य संस्था बीचको भिन्नता, सहकारीका फाईदा आदि विषयमा प्रशिक्षण गरिएको थियो । संस्थाका १५० जना सदस्यहरूको सहभागिता रहेको उक्त तालिम कार्यक्रममा मूख्य प्रवन्धक मीलन ढकालले कार्यक्रम संचालन, लेखनाथ सेवाकेन्द्रका संयोजक जंगबहादुर गुरूङ्गले स्वागत र संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक हर्कबहादुर गुरूङ्ग र सल्लाहकार मेजर रामप्रसाद गुरूङ्गले शुभकामना मन्तव्य राख्नुभएको थियो । आगामी वर्ष ग्रामीण क्षेत्रका सदस्यहरूलाई लक्षित गरि एक हजार बढी सदस्यहरूलाई आधारभूत सहकारी तालिम उपलब्ध गराउने शिक्षा तथा तालिम उपसमितिका संयोजक केशव ढकालले बताउनुभयो ।

## संक्षिप्तमा पोखरा रोयल

| | |
|---|---|
| शेयर पुंजी | १५ करोड ७४ लाख |
| जगेडा कोष | ६ करोड ६८ लाख |
| अन्य कोष | २ करोड ८० लाख |
| निक्षेप | ९२ करोड ७९ लाख |
| कर्जा लगानी | ९३ करोड ८९ लाख |
| स्थिर सम्पत्ती | २ करोड ८८ लाख |
| सञ्चालन वचत | ५ करोड ५ लाख |
| कुल कारोवार | १ अरब २८ करोड |
| आय कर | ९३ लाख ३ हजार |
| सदस्य संख्या | ३,४०२ |
| कर्मचारी | ३१ |
| कार्यालय | ३ |

## हाल सम्म वर्षका उत्कृष्ठ सदस्यहरू :

| क्र.सं. | वर्ष | सदस्यको नाम | ठेगना |
|---|---|---|---|
| १ | २०७३/०७४ | नरहरि पनेरू<br>मीना गुरूङ्ग | पोखरा लेखनाथ मनपा १५ कास्की<br>शुक्लागण्डकी नपा ५ तनहुँ |
| २ | ०७२/०७३ | नरबहादुर गुरूङ्ग<br>जयराम श्रेष्ठ | पोखरा लेखनाथ मनपा १३ कास्की<br>पोखरा लेखनाथ मनपा ११ कास्की |
| ३ | ०७१/०७२ | बलाकृष्ण पौडेल<br>रामकृष्ण ढुंगाना | पोखरा लेखनाथ मनपा १६ कास्की<br>पोखरा लेखनाथ मनपा १४ कास्की |
| ४ | ०७०/०७१ | बिलबहादुर गुरूङ्ग<br>कुमानसिँह गुरूङ्ग | पोखरा लेखनाथ मनपा १० कास्की<br>पोखरा लेखनाथ मनपा १० कास्की |
| ५ | ०६९/०७० | विष्णुहरि ढकाल<br>नारायण सुवेदी | पोखरा लेखनाथ मनपा १२ कास्की<br>पोखरा लेखनाथ मनपा ८ कास्की |
| ६ | ०६८/०६९ | नौजङ्ग गुरूङ्ग | पोखरा लेखनाथ मनपा ४ कास्की |
| ७ | ०६७/०६८ | कोपिला श्रेष्ठ | पोखरा लेखनाथ मनपा ९ कास्की |
| ८ | ०६६/०६७ | भवानीदेवी श्रेष्ठ | पोखरा लेखनाथ मनपा ८ कास्की |
| ९ | ०६५/०६६ | हर्कध्वोज गुरूङ्ग | पोखरा लेखनाथ मनपा १२ कास्की |
| १० | ०६४/०६५ | सोमबहादुर गुरूङ्ग | पोखरा लेखनाथ मनपा १२ कास्की |
| ११ | ०६३/०६४ | गोपाल गुरूङ्ग<br>क्या.टिकप्रसाद गुरूङ्ग | पोखरा लेखनाथ मनपा १० कास्की<br>पोखरा लेखनाथ मनपा १७ कास्की |
| १२ | २०६२/०६३ | झमानसिँह गुरूङ्ग | पोखरा लेखनाथ मनपा १० कास्की |
| १३ | २०६१/०६२ | रेशमलाल गुरूङ्ग | पोखरा लेखनाथ मनपा १० कास्की |
| १४ | २०६०/०६१ | निर्मल जोजिज्यू | पोखरा लेखनाथ मनपा ४ कास्की |

## वार्षिक रुपमा रू. ५००० पेन्सन पाउने ज्येष्ठ सदस्यहरू

| क्र.सं. | सदस्यको नाम | ठेगाना |
|---|---|---|
| १ | टिकप्रसाद गुरूङ | पोखरा लेखनाथ १७ |
| २ | बिलबहादुर गुरूङ | पोखरा लेखनाथ १० |
| ३ | डा.एलियम्मा जोन | पोखरा लेखनाथ १० |
| ४ | चन्द्रबहादुर गुरूङ | पोखरा लेखनाथ १० |
| ५ | भेषराज ढकाल | पोखरा लेखनाथ ८ |
| ६ | जयबहादुर श्रेष्ठ | पोखरा लेखनाथ ३ |
| ७ | भगवती ढकाल | पोखरा लेखनाथ ८ |

सहकारी समाचारका लागिः प्रकाशन उप-समिति संयोजकः हरिबहादुर गुरुङ्, सदस्यः चन्द्रकला श्रेष्ठ, पोमबहादुर गुरुङ्

पोखरा रोयल सहकारी लिमिटेड, पोखरा लेखनाथ महानगरपालिका-१०, बुद्धचोक, कास्की
फोनः ०६१-५३८८३३, फ्याक्स नं.: ०६१-५२०८३३, Email: info@royalcooperative.com, URL: www.royalcooperative.com